# ७ मीका
# परमेश्वरको विशेष जन

<u>*यस अध्यायको निम्ति पढ्नुहोस्*</u>: मीका १:१-९, २ कोरन्थी ११:२३-२७, मीका २:१-११, मीका ५:२, मीका ६:१-८, मीका ७:१८-२०।

<u>*स्मरण गर्नुपर्ने पद*</u>: **"६ परमप्रभु स्वर्गका परमेश्वरलाई पुज्न आउँदा म उहाँकहाँ के लिएर आऊँ? के असल बाछाहरू बलि चढाउन लिएर आऊँ? ७ मैले हजारौं भेडाहरू वा बगेर नसकिने खोलाझैं जैतुनको तेल ल्याएँ भने परमप्रभु खुसी हुनुहुन्छ? के म उहाँलाई मेरो पापको लागि जेठो छोरो चढाऊँ? ८ अँहँ, होइन! के कुरो असल छ, प्रभुले हामीलाई बताउनुभएको छ। हामीबाट उहाँले यी कुरा चाहनुहुन्छ; जे कुरा न्यायसङ्गत छ, त्यो गर्नू, निरन्तर प्रेम गर्नू र आफ्ना परमेश्वरअघि नम्रतासाथ जीवन बिताउनू।" मीका ६:६-८।**

<u>*मूल सोच*</u>: **परमेश्वरमाथिको आस्थामा जतिसुकै भ्रष्ट भएर गएतापनि आफ्ना जनहरूलाई क्षमा दिन परमेश्वर उत्सुक हुनुहुन्छ। तिनीहरूको घाऊ निको पार्न उहाँ चाहनुहुन्छ।**

**इस्राएलमा धेरै अन्धकार युगहरू भएका थिए। ती मध्ये सबै भन्दा अन्धकार इतिहासमा परमेश्वरको अगमवक्ता मीकाले काम गर्नुपरेको थियो।** राजा दाउदले एकत्रित पारेको इस्राएल दुई टुक्रामा विभाजित भएको धेरै भएको थियो। उत्तरी राज्य इस्राएल थियो भने दक्षिणी राज्य यहूदा थियो। अन्तमा अश्शुरका सम्राटले उत्तरी राज्यलाई आफ्नो कब्जामा लिए थियो। अनि दक्षिणमा रहेको यहूदा पनि झन झन खस्कन्दै गएको मीकाले देखेका थिए। बेइमान, गद्दारी, भ्रष्ट, अन्याय अत्याचार, घुसलिनेदिने र कसैले कसैलाई विश्वास नगर्ने यहूदा राष्ट्रका जनताहरूको खिलाफमा मीकाले आवाज उठाएका थिए। त्यस्तो भ्रष्ट जीवनशैली ठूलो अपराध र पाप हो, त्यसले सबैलाई नाशतिर डोऱ्याउँछ भनेर उनले जोडदार प्रचार गरेका थिए। यहूदी धर्मको आस्था केन्द्र गरिमामय यरूशलेमशहरको ध्वस्त हुनेछ भनेर भविष्यवाणी गर्ने प्रथम् अगमवक्ता मीका नै थियो (मीका ३:१२)।

त्यस्तो अन्धकार इतिहासमा पनि पवित्र आत्माको अगुवाईमा मीकाले परमेश्वरको ज्योति देखेका थिए। आउने सजायँ भन्दा अघि हुने

कुराको बारेमा परमेश्वरको सहायताले मीकाले देखेका थिए। उनले मानिसहरूलाई उत्साहप्रद वचनहरू सुनाए। बेतलेहम गाउँबाट परमेश्वरले छान्नु भएको अगुवा (येशू)को आगमन हुनेछ भनेर उनले भविष्यवाणी बोले। उहाँ त्यो मसिह (उद्धारकर्ता) हुनुहुनेछ जसले इस्रायलाई बचाउनुहुनेछ। उहाँले इस्राएलमा शान्तिको बारेमा बोल्नुहुनेछ र सारा राष्ट्रहरूलाई के सिकाउनुहुनेछ भनेर मीका ४:३ले यसरी बताउँछ, "३ उहाँले जाति-जातिहरूका बीच र टाढा-नजिकका बलिया जातिहरूका बीच मुद्दा-मामिलाहरू छिनाफाना गर्नुहुनेछ। तिनीहरूले आ-आफ्ना तरवारहरू पिटेर हलोको फालीहरू र भालाहरू पिटेर हसिंयाहरू बनाउनेछन्। जाति-जातिहरूका बीच फेरि लडाइँ हुनेछैन, तिनीहरूले फेरि कहिल्यै युद्धको तयारी गर्नेछैन।" पापबाट भ्रष्ट भएर गिरेको इस्राएललाई परमेश्वरले सजायँ त दिनुहुनेछ तर त्यसपछि उहाँले त्यस देशको पुनःस्र्थापना गर्नुहुनेछ र उहाँले धेरै धेरै आशिष त्यहाँ खनाउनुहुनेछ।

## १. अगमवक्ताको हृदयमा पिडा (मीका १:१-९)

पापी मानिसहरूको गति के हुन्छ, तिनीहरूलाई परमेश्वरले कस्तो फैसला सुनाउनु हुन्छ सो प्रत्यक्षदर्शी हुन संसारका सबै मानिसहरूलाई परमेश्वरका अगमवक्ता मीकाले मीका १:१-९मा यसरी आह्वान गर्दछन्, "१ योताम, आहाज र हिजकिया राजाहरूले यहूदामा राज्य गरेको बेलामा मोरेशेत सहरबाट आएका मीकालाई परमप्रभुले यो सन्देश दिनुभयो। परमप्रभुले मीकालाई सामरिया र यरूशलेमबारे यी कुराहरू प्रकट गर्नुभयो। २ "हे जाति-जातिका मानिसहरू हो, यो कुरा सुन! हे पृथ्वीका सबै बासिन्दाहरू हो, तिमीहरूले सुन!

सार्वभौम परमप्रभुले तिमीहरूका विरुद्धमा साक्षी दिनुहुनेछ। सुन! उहाँ आफ्नो स्वर्गीय मन्दिरबाट बोल्नुहुन्छ। ३ परमप्रभु आफ्नो पवित्र बासस्थानबाट आउँदै हुनुहुन्छ। उहाँ तल आउनुहुनेछ र पृथ्वीका उच्च टाकुराहरूमाथि हिंड्नुहुनेछ। ४ तब पर्वतहरू उहाँको पैतालामुनि आगोमा मैन पग्लेझैं पग्लनेछन्, डाँडाबाट पानी बगेर गएझैं बेसीतिर ती बगिजानेछन्।" ५ इस्राएलका मानिसहरूले पाप गरेका र परमेश्वरको विरुद्धमा विद्रोह गरेका हुनाले यी सबै कुरा हुनेछन्। इस्राएलका विद्रोहको निम्ति कसलाई दोष दिनु? के राजधानी सामरिया सहरलाई? यहूदाको मूर्तिपूजाको लागि को दोषी छ? यरूशलेम आफैं होइन र? ६

यसकारण परमप्रभु भन्नुहुन्छ, "म सामरियालाई नाश पारेर खुला मैदानमा रास बनाई थुपार्नेछु र त्यहाँ दाखबारी बनाउनेछु। सहरका रोडाहरू बेसीमा फालिदिनेछु र सहरका जगहरू उदाङ्गो पारिदिनेछु। ७ त्यसका मूर्तिहरू सबै टुक्रा-टुक्रा पारिनेछन् र त्यसका मन्दिरका वेश्याहरूलाई दिइएका सबै थोक आगोले भस्म पारिनेछन् र त्यसका देवताका मूर्तिहरू ध्वस्त भएर रास लाग्नेछन्। सामरियाले ती थोकहरू वेश्याको दामस्वरूप बटुलेको थियो, अब त्यसका शत्रुहरूले अरू ठाउँमा वेश्याको दामस्वरूप ती लैजानेछन्।" ८ त्यसपछि मीकाले भने, "यसैकारण म रुँदै विलाप गर्नेछु। मेरो मनको वेदना देखाउन म नाङ्गो भई खाली खुट्टाले हिंड्नेछु। म स्यालझैं कराउनेछु र लाटोकोसेरोले झैं बिलौना गर्नेछु। ९ सामरियाका चोटहरू निको हुनेछैनन् र यहूदालाई पनि त्यस्तै चोट लाग्न आँटेको छ। विनाशचाहिँ मेरा प्रजा बास गर्ने यरूशलेमका ढोकामा पुगिसकेको छ।"

विश्वासी हृदयले परमेश्वरलाई पछ्याउन सामरिया र यरुशलेमका अगुवाहरूले देखाउन असफल भएको कारणले ती राजधानी शहरहरूको नाश हुनेछ भनेर मीकाले भविष्यवाणी गर्दछन्। अरू दुष्टलाई पाल्ने शहरहरू पनि नाश हुन्छ नै तर यहूदी धर्मका आस्था केन्द्र ती शहरहरू सर्वप्रथम् ध्वस्त हुनेछ रे।

परमेश्वरले ती शहरहरूमाथि गर्नुहुने निर्णयले मीकाको दिमाग खाएको थियो। उनी अत्यन्त तनावमा थिए। अगमवक्ता भएको हैशियतले उनको काम भनेकै परमेश्वरको मिलोमत्तोमा गर्ने भएको हुनाले भविष्यमा के हुनेछ सो कुरा मानिसहरूलाई सुनाउनेको विकल्प उनमा थिएन। तर आफ्ना देशवासीहरूलाई अगमवक्ताले अति माया गर्दथे। आफ्ना जनहरू विदेशी शक्तिको दास हुनेछ भन्ने धारणाले उनको मनमा ठूलो चोट परेको थियो। व्यक्तिगत रूपमा उनलाई ठूलो पिडा भएको थियो। खराब समाचार सुनाउनु पर्दा प्रायजसो परमेश्वरका अगमवक्ताको दिमागमा अत्यन्त नराम्रो असर हुन्दथ्यो।

**परमेश्वरको निम्ति अगमवक्ता हुनु वा उहाँको सन्देश सुनाउने अभिभारा बोक्नु कति कठिन छन् भनेर देहायका पदहरूले बताउँदछन्। पढ्नुहोस्: गन्ती ११:१०-१५, १ राजा १९:१४, यर्मिया ८:२१-९:२, इजकिएल २४:१५-१८ र २ कोरन्थी ११:२३-२७।**

सनातन परमेश्वरका सन्देशवाहक वा अगमवक्ताहरूले सन्देश सुनाएर आफू कुनै कुटी वा सुरक्षित स्थानमा अन्तर्ध्यान हुन जाने निति

बाइबलले सिकाएको देखिन्दैन। बरू आफूले सुनाएका सन्देशमा आफू पनि सक्रिय रूपमा समावेश भएको तिनीहरूको अनुभव थियो। अत्यन्त नराम्रो खबर सुनाउन तिनीहरूलाई मन त परेको थिएन। विपत्ती आउने खबर सुनाउनु पर्दा त्यस सँगै प्रायजसो वियोगका गाथाहरू जोड्दथे। किनभने ती गीतबाट नराम्रो कुराहरू कस्तो हुन्छ भनेर मानिसहरूले वयान सुन्थे। अगमवक्ताका पिडाहरू कुनै काल्पनिक नभएर यथार्थ नै थियो। तिनीहरूले तिनीहरूका श्रोताहरूलाई सुनाउने सन्देशमा दुवै शव्द र प्रतिकहरू समावेश हुन्थे। अगमवक्ताका पिडाहरू कतिको गहिरो छन् भनेर बुझाउन विभिन्न चिन्ह वा प्रतिकहरूले बुझाउँथे। परमेश्वरले दिने सजायँको बारेमा मीकाले कस्तो अनुभव गरेका थिए भनेर देखाउन हामीलाई यशैयाको कथाबाट बुझाउँछ। बेबिलोन वा आधुनिक इराकका सम्राटले आफ्ना मानिसहरूलाई बनाउने दासत्वको कस्तो गति हुन्छ भनेर यशैयाले देखाउन उनी तिन वर्षसम्म खाली खुट्टा र आधा नाङ्गो भएर हिंडेका थिए। एलेन जी ह्वाइटले आफू पनि परमेश्वरको सन्देशवाहक हुन कस्ता कस्ता पिडा र कष्ट भोग्नु परेको थियो भनेर आफ्ना विभिन्न पुस्तकहरूमार्फत हामीलाई औंल्याइएका छन्। उनले भोग्नु परेका कष्टहरूबाट परमेश्वरका ती अगमवक्ताहरूको पिडा केही हदसम्म हामी बुझ्न सक्दछौं।

**तपाईं आफै पनि परमेश्वरमा बफादारी हुनुपर्दा र बाइबलबाट दिएका उहाँका वचनहरू सुनाउनु पर्दा कस्तो दुःखहरू भोग्नु भएको थियो वा भोगिरहनुभएको छ सो सोच्नुहोस्। परमेश्वरको वचनलाई तपाईंले नै वेवास्ता गर्दा कस्तो दुःख तपाईंले भोग्नु भएको थियो? तपाईंले अनुभव गरिरहनुभएका परिक्षा वा दुःखको बारेमा पत्रुसले भनेको यस वचनबाट तपाईंलाई कस्तो सान्त्वना मिल्दछ, पढ्नुहोस् १ पत्रुस ४:१२-१६, " दुःख-कष्टद्वारा तिमीहरूको जाँच भइरहेको छ तर यो कुनै नहुने कुरा भयो भनेर अचम्म नमान। १३ तर ख्रीष्टको दुःखमा सहभागी भएका छौ भनी आनन्द मनाओ र उहाँको ठूलो महिमा प्रकट हुँदा तिमीहरू खुसी मनाउन सक्छौ। १४ ख्रीष्टमा विश्वास गर्दा तिमीहरूको बेइज्जती हुन्छ भने आफैंलाई धन्यको सम्झ किनभने परमेश्वरका महिमित आत्मा तिमीहरूमा वास गर्नुभएको छ। १५ तिमीहरू कसैले पनि दुःख पाउँछौ भने ज्यानमारा, चोर, अपराधी वा अर्काको काममा हात हाल्ने भएर दुःख नपाओस्। १६ तर ख्रीष्टमा विश्वास गरेकोले दुःख भोग्नुपर्दा लाज नमान। तर ख्रीष्टको नाउँ लिन पाउँदा परमेश्वरलाई धन्यवाद देओ।"**

## २. पापप्रति मोह हुनेहरू (मीका २:१-११)

परमेश्वरका जनहरू वा भक्तहरू हौं भनेर दावी त गर्ने पापप्रति मोहहुनेका पापहरू के थिए भनेर मीकाले २:१-११मा यसरी खुलासा गरिएका छन्: " राती जागा रही दुष्ट जुक्ति गर्नेहरूको निम्ति कति डरलाग्दो समय हुनेछ। बिहान भएपछि मौका पाउनेबित्तिकै तिनीहरूले आफ्ना दुष्ट जुक्तिअनुसार काम गर्छन्। २ खेतबारी चाहियो भने तिनीहरूले बलपूर्वक ती जफत गर्छन्। घर चाहियो भने पनि खोस्न पछि पर्दैनन्। कसैको पनि घर-परिवार वा सम्पत्ति सुरक्षित रहँदैन। ३ यसकारण परमप्रभु भन्नुहुन्छ, "म तिमीहरूमाथि विपत्ति ल्याउने उपाय रच्दै छु।" तिमीहरू उम्केर भाग्न सक्नेछैनौ। तिमीहरूले आफैंलाई कष्टमा परेका पाउनेछौ। त्यसपछि तिमीहरू घमण्डले कहिल्यै पनि हिंड्नेछैनौ। ४ त्यो समय आउँछ, जब मानिसहरूले तिमीहरूको विपत्तिको उदाहरण दिएर कथा सुनाउनेछन् र तिमीहरूका विपत्तिबारे तिनीहरूले यो निराशाको गीत गाउनेछन्: हामी पूरा नष्ट भयौं! परमप्रभुले हाम्रा जग्गाजमिन खोस्नुभयो, र हामीलाई कैदी बनाउनेहरूका हातमा सुम्पिदिनुभयो।" ५ जब परमप्रभुको प्रजालाई जमिन फर्काइदिने समय आउँछ, तब तिमीहरूले त्यसबाट केही हिस्सा पाउनेछैनौ। ६ मानिसहरूले मलाई उपदेश दिंदै भन्छन्, "हामीलाई उपदेश नदेऊ। ती सबै कुराबारे हामीलाई उपदेश नदेऊ। परमेश्वरले हाम्रो अपमान गर्नुहुन्न। ७ इस्राएलका मानिसहरूमाथि सराप परेको छ भनी के तिमी ठान्छौ? के परमप्रभु अधीर हुनुभएको छ र? के उहाँले साँच्चै यस्तो गर्नुहुन्छ? के सोझो बाटोमा हिंड्नेहरूलाई उहाँको वचनले भलो गर्दैन र?" ८ परमप्रभुले जवाफ दिनुहुन्छ, "तिमीहरूले शत्रुहरूलाई झैं मेरो प्रजालाई आक्रमण गर्छौ। हामी घरमा सुरक्षित रहन्छौं भनी मानिसहरू लडाइँबाट फर्कन्छन् तर तिमीहरू तिनीहरूका आङबाट खास्टो खोस्न पर्खिरहेका हुन्छौ। ९ मेरा प्रजाका सुखका घरबाट स्त्रीहरूलाई तिमीहरूले धपाउँछौ र तिनीहरूका छोरा-छोरीहरूबाट मेरा आशिष् सदाको निम्ति लुटेका छौ। १० उठेर जाओ, यहाँ अब सुरक्षा पाउनेछैनौ। तिमीहरूका पापले गर्दा यो ठाउँ विनाश हुन लागेको छ। ११ "यी मानिसहरूले त्यस्ता अगमवक्ता मागेका छन्, जो झूट र छलले भरिएर यसो भनी हिंड्छन्: 'म अगमवाणी गर्छु कि तिमीहरूको निम्ति दाखमद्य र कडा मद्य बहनेछन्।'

त्यही पापको बारेमा मीका ३मा यसरी थप्दछन्, "१ हे इस्राएलका अगुवाहरू हो, सुन! तिमीहरूले न्यायको बारेमा ध्यान दिनुपर्ने हो। २ तर तिमीहरूले असल कुरालाई घृणा गर्दछौ र दुष्ट कुरा मन पराउँछौ। तिमीहरू मेरा प्रजाको छाला काढ्छौ र तिनीहरूका मासु हड्डीबाट लुछछौ। ३ तिमीहरूले मेरा मानिसहरूको मासु खान्छौ, तिनीहरूका छाला काढ्छौ, हड्डी भाँच्छौ र भाँडामा पकाउन तयार पारेका मासुझैं तिनीहरूलाई टुक्रा-टुक्रा पार्छौ। ४ समय आउँदै छ, जब तिमीहरूले परमप्रभुलाई पुकार्नेछौ तर उहाँले तिमीहरूलाई उत्तर दिनुहुनेछैन। तिमीहरूका दुष्ट कामहरूले गर्दा उहाँले तिमीहरूको पुकार सुन्नुहुनेछैन। ५ मेरा प्रजालाई ती अगमवक्ताहरूले धोका दिएका छन्, जसले पैसा लिएर तिमीहरूलाई शान्ति हुनेछ भनी वचन दिन्छन् र पैसा नदिनेलाई तिमीहरू लडाइँमा पर्नेछौ भनी तर्साउँछन्। त्यस्ता अगमवक्ताहरूलाई परमप्रभु भन्नुहुन्छ, ६ "हे अगमवक्ताहरू हो! तिमीहरूको दिन सकिन आँट्यो, तिमीहरूलाई अन्धकारले छोप्दै छ। तिमीहरूले अगमवाणीका दर्शनहरू पाउँनेछैनौ र भविष्यवाणी पनि गर्न सक्नेछैनौ।" ७ भविष्यवाणी गर्नेहरू झूटा ठहरिनेछन् र तिनीहरूको बदनाम हुनेछ। तिनीहरू सबै लाजमा पर्नेछन् किनभने परमेश्वरले तिनीहरूलाई कुनै कुराको पनि उत्तर दिनुहुनेछैन।

८ तर मलाई चाहिँ परमप्रभुले आफ्ना आत्मा र शक्तिले भर्नुहुनेछ र इस्राएलका मानिसहरूलाई तिनीहरूका पाप बताउन साहस र न्यायको ज्ञान दिनुहुनेछ। ९ हे इस्राएलका शासकहरू हो, तिमीहरू, जो न्यायलाई तिरस्कार गर्दछौ र राम्रोलाई नराम्रो पार्दछौ, सुन। १० तिमीहरूले परमेश्वरको सहर, यरूशलेमलाई हत्या र अन्यायको जगमाथि बनाइरहेका छौ। ११ सहरका शासकहरूले घुसको निम्ति शासन गर्छन्, पूजाहारीहरूले ज्यालाको निम्ति व्यवस्था-विधिको अर्थ खोल्छन्, अगमवक्ताहरूले पैसाको निम्ति अगमवाणी कहन्छन् र तिनीहरू सबै हामीसँग परमप्रभु हुनुहुन्छ भनी दाबी गर्छन्। तिनीहरू भन्छन्, "हाम्रो केही क्षति हुनेछैन। परमप्रभु हामीसित हुनुहुन्छ।" १२ यसकारण तिमीहरूले गर्दा सियोन खेत जोतेझैं जोतिनेछ, यरूशलेम ध्वंस भएर रास लाग्नेछ र मन्दिरको डाँडा जङ्गल बन्नेछ।

"जब आहज यहूदाका राजा भए तब उनका मित्र अगमवक्ताहरूले भयानक परिस्थितिको सामना गराएका थिए। यहूदाको इतिहासमा त्यो अत्यन्त अन्धकारमय थियो जुन् ती अगमवक्ताहरूले

अनुभव गरेका थिए। आफ्नै हातले बनाएर “हाम्रा देवताहरू यी नै हुन्" भनेर मूर्तीहरूलाई पूजा गर्न धेरैले अश्वीकार गरेका थिए। मूर्ती पूजाको संस्कार र प्रभावबाट धेरै मानिसहरू पन्छिएका थिए। तर आहजले मिथ्या देवीदेवताहरूलाई पूजा गर्न मानिसहरूलाई उक्साए। इस्राएलका राजकुमार वा अगुवाहरू विश्वास गर्न लाएक नभएको प्रमाणित भइरहेको थियो। झुठा अगमवक्ता वा भविष्यवक्ताहरूका उदय भइरहेको थियो। सत्य परमेश्वरबाट भड्काउन तिनीहरूले मानिसहरूलाई अनेकन् सन्देशहरू दिन ठालेका थिए। परमेश्वरका पूजारी भनाउँदाहरूले पनि आफ्नो फाइदाको निम्ति सिकाइरहेका थिए। तर ती नकावधारी अगुवाहरूले मानिसहरूलाई अझै पनि आफूहरू परमेश्वरका भक्त हौं भनेर मानिसहरूलाई सिकाइरहेका थिए।

“यस्तो भयानक परिस्थितिमा अगमवक्ता मीका परमेश्वरमा अडिग नै भएर बसे। “हामी परमेश्वरमा नै भर पर्छौं“ र परमेश्वर हामीसँग हुनुहुन्छ। हामीलाई केही कष्ट पनि हुँदैन" भनेर पापी र अधर्महरूले सिकाइरहेकाछन् भनेर मीकाले तिनीहरूको भन्डाफोर गरेका थिए। तर तिनीहरूले अरूको रगत बगाएर सियोनको निर्माण गरिरहेका थिए। “दुष्ट काम गरेर तिमीहरूले यरूशलेमनिर्माण गरिरेहेका छौ।" भनेर मीकाले सरासर तिनीहरूको विरोध जनाइरहेका थिए (मीका ३:११,१२)।" एलेन जी ह्वाइट, *द प्रोफेटस् एन्ड किङ्गस,* पृ. ३२२बाट रूपान्तरित।

आफूहरू परमेश्वरका चुनिएका जाती भएको कारणले तिनीहरूलाई परमेश्वरले सुरक्षित राख्नुहुनेछ र उहाँले तिनीहरूलाई सजायँ दिनुहुन्न भनेर ती यहूदी धर्मका मानिसहरूले विश्वस्त भएर आफूले आफैलाई धोका दिइरहेका थिए। तर त्यसको विपरितचाहिँ सत्य थियोः तिनीहरू परमेश्वरका जनहरू भएको हैशियतले तिनीहरूप्रतिको न्याय झन कडा हुने भएको थियो। तिनीहरूको पापप्रति तिनीहरू धेरै दोषी भएको तिनीहरूले देख्ने थियो। परमेश्वरको निर्देशनको पालन गर्नेले मात्र उहाँका आशिषहरू पाउनेछन्, तिनीहरूले सुरक्षा पाउनेछन् र तिनीहरूले विशेष अधिकारको उपभोग गर्न पाउनेछन् भनेर बारम्बार आफ्ना सन्देश वाहकहरूमार्फत उहाँले सजग गराइरहनुभएको थियो। उदाहरणमा व्यवस्था ४:९-१०मा यसरी दिएको छ, “९-१० होशियार होओ! तिमीहरूले आफ्ना आँखाले जे देखेका छौ, त्यो आफू बाँचुञ्जेलसम्म नभुल्ने निश्चय गर। आफ्ना

छोरा-छोरी र नाति-नातिनालाई सीनै पर्वतमा तिमीहरू परमप्रभु तिमीहरूका परमेश्‍वरको अघि उभिएका दिनको बारेमा भन। त्यो दिन उहाँले मलाई यसो भन्नुभएको थियो, 'मानिसहरूलाई भेला गर्। म चाहन्छु कि तिनीहरूले मेरा कुरा सुनून् र तिनीहरू बाँचुञ्जेलसम्म मेरा आज्ञा मान्न सिकून् र आफ्ना सन्तानलाई मेरो डर मान्न सिकाऊन्।'

**हामीमा धेरै शिक्षादिक्षाहरू छन्, अरू इसाईहरूलाई भन्दा परमेश्वरले हामीलाई महान् आत्मज्ञान दिनुभएको छ भनेर ढुक्क भएर बस्ने हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई पनि त्यही मनस्थितिले ढाक्न सक्दैन भन्ने केही ग्यारेन्टी छ त?**

## ३. बेतलहेमबाट नयाँ शासक (मीका ५:२)

दिग्दारी मुद्रा वा मनस्थितिबाट महान् आशा पलाएको शैली मीकाको पुस्तकमा प्रायजसो पाइन्छ। उनले भविष्यवाणी गरेको आशा बाइबलको सबै भविष्यवाणीहरू मध्ये अत्यन्त प्रख्यात छ। त्यो मसीह वा उद्धारकर्ता येशूको जन्म।

**मीका ५:२मा यसरी लेखिएको छः "परमप्रभु भन्नुहुन्छ, "बेथलेहेम एफ्राता, यहूदाका सानोभन्दा सानो सहरहरूमध्ये तिमी पनि एक होस् तर तिमीबाट म इस्राएलको निम्ति एउटा शासक ल्याउनेछु, जसको वंश प्राचीन कालदेखि नै सुरू भएको हो।" कसको बारेमा यहाँ जानकारी दिइरहेको छ? जुन व्यक्तित्वको बारेमा त्यहाँ उल्लेख गरिएको छ त्यसको बारेमा हामीलाई के सिकाउँदछ? त्यही सन्दर्भमा देहायका पदहरू पनि हेरौं: यूहन्ना १:१-३, "सृष्टि हुनुभन्दा अघि नै वचन हुनुहुन्थ्यो। वचन परमेश्‍वरसँग हुनुहुन्थ्यो र वचन परमेश्‍वर नै हुनुहुन्थ्यो। २ उहाँ सृष्टि हुनुभन्दा अघि परमेश्‍वरसँगै हुनुहुन्थ्यो। ३ वचनद्वारा नै परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभयो। सृष्टि भएका कुनै थोक पनि उहाँबिना बनिएन।" यूहन्ना ८:५८, " तब येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्छु, अब्राहाम जन्मिनुभन्दा अघि नै म छु।" कलस्सी १:१५-१७, " नदेखिने परमेश्‍वरकै देखिने रूप ख्रीष्ट हुनुहुन्छ। उहाँ सृष्टिभन्दा जेठो हुनुहुन्छ (अर्थात् उहाँमा सर्वाधिकार निहित छ) १६ किनभने स्वर्ग र पृथ्वीमा भएका सबै कुरा उहाँद्वारा सृष्टि भयो। दृश्य र अदृश्य लगायत आत्माका शक्तिहरू, मालिकहरू, शासकहरू र अधिकारीहरू, यी सब ख्रीष्टद्वारा र ख्रीष्टकै निम्ति सृष्टि**

भयो। १७ सबै कुराहरूभन्दा पहिले उहाँ नै हुनुहुन्थ्यो अनि सबै कुराहरू उहाँमा नै अडेर रहेका छन्।"

यहूदाको एउटा नगन्य गाउँ बेतलहेमबाट एक जना एउटा व्यक्ति आउँछ रे जो अनन्त समयसम्म इस्राएलको शासक हुनेछ रे! बाइबलका पदहरूमा मीका ५:२ अत्यन्त महत्त्वपूर्ण पद हो। त्यस पदले मानिसहरूको आशालाई बलियो बनाउँछ। आदर्श मसीह अर्थात् अगुवाको निम्ति उत्सुकतापूर्वक हेरिरहेका मानिसहरूको निम्ति त्यो प्रतिज्ञाले ठूलो राहत दिँदछ। उहाँको शासनकालमा शक्तिसामर्थ, न्याय र शान्ति छाउनेछ (मीका ५:४-६)।

दाउद पनि त्यही बेथलेममा जन्मिएका थिए। त्यस शहरलाई एफ्राता भनेर कहलाइन्थ्यो (उत्पत्ति ३५:१९)। त्यस शहरले साधारण तथा मामुली परिवारबाट दाउदको जन्म भएको थियो भने त्यस्तै खालको परिवारबाट उनको उत्तराधिकारी येशू जो उहाँका जनहरूको सत गोठालो भएर जन्मनुहुनेछ भनेर त्यस शहरले औंल्याएको थियो (मीका ५:४)। साधारण शहर बेथलहेममा अगमवक्ता सामूयलले जमिन्दार यीशैको सबभन्दा कान्छो छोरो दाउदलाई इस्राएलको भावी राजा हुन अभिषेक गरेका थिए (१ शमूयल १६:१-१३, १ शमूयल १७:१२)। "यहूदीहरूका नयाँ जन्मेका राजा"को बारेमा खोज्दै जब ज्ञानी मानिसहरू यरुशलेममा आउँदछन् तब तिनीहरू राजा हेरोदकहाँ त्यस बालकको जानकारी लिन जान्दछन्। राजा हेरोदले बाइबलका विद्धानहरूलाई उपरोक्त राजाको जन्म कहाँ हुन्छ भनेर पत्ता लगाउन अऱ्हाएको थियो (मत्ती २:४-६)। बाइबलका ती विशेषज्ञहरूले त्यही मीका ५:२लाई पहिल्याएर राजाको सामु प्रस्तुत गरेका थिए। बेथलहेमको सानो गाउँबाट मसीहको जन्म हुनेछ भनेर त्यस पदले उल्लेख गरेको थियो।

सिमित दिमाग भएको हामीहरूले यस सत्यलाई पूर्णरूपमा बुझ्न सक्दैनौं: जन्मिने बालक सनातनका परमेश्वर रे, त्यो पनि सारा स्वर्ग र पृथ्वीका सृष्टिकर्ता रे ! "अनन्तको समयदेखि येशू ख्रीष्ट परमेश्वर पितासँग एक हुनुहुन्थ्यो।" एलेन जी ह्वाइट, *द दिजाएर अभ एजेज्,* पृ. १०बाट रूपान्तरित। त्यो सबैलाई आश्चर्यचकित पार्ने धारणा हो। तर इसाई विद्या वा दर्शनको अत्यन्त आधारभूत तथा मौलिक सत्यहरूमा त्यो एक अति उल्लेखनीय मानिएको छ। सृष्टिकर्ता परमेश्वर आफै मानव चोला लिएर आउनुभयो। त्यही मानव चोला लिएर हाम्रो

पापहरूको निम्ति बलि हुन आफूलाई प्रस्तुत गर्नुभयो। परमेश्वरको निम्ति हाम्रो जीवनको महत्त्व कतिको रहेछ सो गहिरिएर सोच्नुहोस्। हामी प्रत्येक व्यक्ति उहाँको अगाडी कतिको मूल्यवान छौं भनेर सिकाउने त्यस महान् आत्मज्ञानलाई हामीले कसरी लिने? यदि त्यस सत्य यथार्थतालाई तपाईंले आत्मसात् गर्नुभयो भने तपाईंको जीवनमा आमूल परिवर्तन हुनेछ। विश्वका अनगिन्ती मानिसहरू जीवनको अर्थ र उद्देष्यको निम्ति भौंतारिएका हुन्छन्। तर हामीहरूको निम्ति क्रुस आधारशीला हो। त्यसले नै हाम्रो जीवनको अर्थलाई जोड्दछ। यस संसारमा हामी किन छौं, हाम्रो मूल्य के छ भनेर पत्ता लगाउन चाहन्छौं भने हामीले क्रुसमा नै हेर्नुपर्दछ। त्यसले हाम्रो जीवनलाई अर्थमूलक बनाउँदछ। यस संसारमा पाइने वा संसारले दिने कुनै आशाहरू भन्दा त्यो आशा अत्यन्त महान् र उत्कृष्ट आशा हो।

## ४. असल तथा उचित के हो त? (मीका ६:१-८)

परमेश्वरले आफ्ना जनहरूलाई बोल्नुभएको वचन मीका ६को सुरूमा उल्लेख गरिएको छ। तिनीहरूको हितको निम्ति परमेश्वरले के के असल कामहरू गर्नुभयो भन्ने कामको सूची त्यहाँ प्रस्तुत गरिएको छ। त्यसको प्रत्युत्तरमा परमेश्वरप्रति आभारित भएर उहाँको मन्दिरमा उपासना गर्नेहरूले उहाँलाई प्रसन्न गराउन के गर्नुपर्छ भनेर सोध्दछन्। परमेश्वरलाई प्रसन्न बनाउने थोकहरू के के हुन् त?ः के ती भर्खर जन्मेको एक वर्षको बछेडा वा राँगो?, के अनेकन भेंडाहरू?, के तेलका नदि? के ती उपासकहरूको प्रथम बालक उहाँको निम्ति समर्पित गर्ने? परमेश्वरलाई दिने उपहारहरूको मूल्य कसरी चढेको छ भनेर उपरोक्त पदमा उल्लेख गरिएको छ।

**मीका ६:१-८मा यसरी लेखिएको पढ्नुहोस्ः "१ इस्राएलको विरुद्धमा परमप्रभु के भन्नुहुन्छ, तिमीहरू सुन, "खडा होओ, पर्वतहरूका सामु तिमीहरूको उजुर पेश गर र डाँडाहरूले तिमीहरूका कुरा सुनून्। २ "पर्वतहरू हो! तिमीहरू पृथ्वीका कहिल्यै नाश नहुने जगहरू हौ, परमप्रभुको आरोप सुन! आफ्ना प्रजाको विरुद्धमा परमप्रभुको उजुर छ। उहाँले इस्राएलको विरुद्धमा अभियोग लगाउनुहुन्छ।" ३ परमप्रभु भन्नुहुन्छ, "मेरा प्रजा हो! मैले तिमीहरूलाई के गरें? कसरी म तिमीहरूमाथि भार भएँ? उत्तर देओ। ४ मैले तिमीहरूलाई मिश्रबाट निकालेर ल्याएँ। मैले तिमीहरूलाई कमाराको अवस्थाबाट छुटाएँ।**

तिमीहरूलाई अगुवाइ गर्न मैले मोशा, हारून र मिरियमलाई पठाएँ। ५ हे मेरा प्रजा! मोआबको बालाक राजाले तिमीहरूलाई के गर्ने युक्ति गर्दै थियो र तिनलाई कसरी बओरको छोरो बालामले जवाफ दिए, ती कुरा याद गर। शित्तीमको छाउनीदेखि गिलगालसम्म बाटोमा के-के भयो, ती सम्झ। यी कुराहरू याद गऱ्यौ भने मैले तिमीहरूलाई बचाउन के-के गरें, त्यो कुरा तिमीहरूले बुझ्नेछौ।" ६ परमप्रभु स्वर्गका परमेश्वरलाई पुज्न आउँदा म उहाँकहाँ के लिएर आऊँ? के असल बाछ्राहरू बलि चढाउन लिएर आऊँ? ७ मैले हजारौं भेडाहरू वा बगेर नसकिने खोलाझैं जैतुनको तेल ल्याएँ भने परमप्रभु खुसी हुनुहुन्छ? के म उहाँलाई मेरो पापको लागि जेठो छोरो चढाऊँ? ८ अँहँ, होइन! के कुरो असल छ, प्रभुले हामीलाई बताउनुभएको छ। हामीबाट उहाँले यी कुरा चाहनुहुन्छ; जे कुरा न्यायसङ्गत छ, त्यो गर्नू, निरन्तर प्रेम गर्नू र आफ्ना परमेश्वरअघि नम्रतासाथ जीवन बिताउनू।" त्यहाँ के निर्णायक सत्यलाई प्रस्तुत गरेको छ? हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई ती वचन किन महत्त्वपूर्ण छन्? केवल ठिक विद्या, दर्शन, धर्मका ज्ञानहरू र भविष्यवाणीको बारेमा धुरन्धर विशेषज्ञ हुनुमात्रले हामीहरूको विश्वास तथा परमेश्वरप्रतिको प्रतिवद्धतालाई अघि बढाउँदैन भनेर ती पदहरूले हामीलाई कसरी औंल्याउँछन्? हेर्नुहोस्, मत्ती २३:२३-२४, " "ए धर्म-गुरू र फरिसीहरू हो! तिमीहरूलाई धिक्कार! तिमीहरू कत्ति कपटी छौ। तिमीहरू बाबरी, सुप र जीराको उब्जनीबाट दश भागको एक भाग परमेश्वरलाई चढाउँछौ। तर न्याय, दया र विश्वासजस्ता व्यवस्थाका मुख्य कुराहरूको चाहिँ तिमीहरू वास्तै गर्दैनौ। ती अरू कुराको साथसाथै न्याय, दया र विश्वास पनि गर्ने गर। २४ तिमीहरू अन्धा अगुवा हौ किनभने तिमीहरूले भुसुनालाई त चाल्छौ, तर ऊँटलाई भने निल्छौ।"

**परमेश्वरको सदिच्छा** के हो भनेर भविष्यवक्ताले स्पष्टरूपमा खुलासा गरेकाछन्। परमेश्वरले मानिसहरूप्रति कस्तो सदाशयता र दयालु व्यवहार गर्नुभयो भनेर तिनीहरूलाई मोशाले थाहा दिएका थिए (व्यवस्था १०:१२,१३)। मीकामा उल्लेख गरेको परमेश्वरको मनोभावना कुनै नयाँ थिएन। मानिस भएर मानिसले गर्नुपर्ने परमेश्वरले निर्देशन गर्नुभएको कर्तव्यमा कुनै हेरफेर गरेको छैन। धार्मिक क्रियाकलाप, पूजारीका सेवाकार्यहरू, पशुलाई बलि दिएर रगतको खोला बगाउने (अरू भन्दा आफू धर्मात्मा छु भन्ने धर्मका पोशाक लगाएर देखाउने आचरण) आदि परमेश्वरको प्राथमिकता थिएन। मानिसहरूप्रति

परमेश्वरको महान् सदिच्छा यहि होः आफ्ना छरछिमेकी वा वन्धुहरूलाई उचित र प्रेमपूर्वक व्यवहार गर्नु र परमेश्वरप्रति महान् प्रेम तथा आस्था दर्शाउनु। सब भन्दा ठूलो उपहार वा उपासना मानिसहरूले परमेश्वरलाई दिने सक्नु नै उहाँको निर्देशन पालन गर्नु हो। (उहाँको आज्ञामा हिंड्नु नै अरू मानिसहरूलाई उहाँको आँखाद्वारा हेर्ने सक्षम् हुनु हो)।

आफ्ना जनहरूबाट परमेश्वरले के अपेक्षा गर्नु भएको छ भनेर उहाँले मीका ६ः८मा आफ्नो मन पोखाउनुभएको छ। निचोडमा भन्ने हो भने सत्य धर्मको सारांश त्यसमा प्रस्तुत गरिएका छन्ः अरूप्रति न्यायोचित व्यवहार गर्ने जीवनशैली, मानिसहरूकै माझमा बसेर तिनीहरूलाई दया, माया र करूणा देखाउने ममतामयी हृदयलाई जगाइ राख्नु र परमेश्वरसँग घनिष्ट सम्बन्ध राखेर हिंड्न प्रतिवद्धता जाहेर गरिराख्नु। परमेश्वरको पवित्र आत्माले अगुवाईमा मानिसहरूले अरूप्रति न्यायोचित व्यवहार गरिन्छ। त्यसको अर्थ सच्चा समानतामा रहनु हो र निष्पक्षरूपमा सबैलाई उचित व्यवहार गर्नु हो। चाहे धर्मको नाउँमा होस् वा सामन्ती मनस्थितिले ग्रष्ट भएका होस् कतिपय मानिसहरूले कमजोर, निरिह तथा बल नभएका मानिसहरूलाई प्रयोग गरिरहेका हुन्छन्। समाजबाट पिछडीएका यस्ता जनहरूप्रति चासो देखाउनु परमेश्वरको सतमार्गमा चल्ने प्रत्येक उपासकहरूको कर्तव्य हो। दया देखाउनुको अर्थ निश्वार्थी भावना र हृदय खोलेर अरूप्रति माया, करूणा देखाउनु हो। दुःखसुखमा तिनीहरूलाई साथ दिनु हो। तिनीहरूसँग खेलबाड नगरी विश्वास दिलाउँदै तिनीहरूलाई साथ दिनु हो। परमेश्वरको उच्छा अनुसार चल्नु र सबै क्रियाकलापमा उहाँलाई प्रथम् स्थान दिने जीवनशैली अपनाउने नै उहाँसँगको घनिष्ट सम्बन्ध राखेर हिंडनुको अर्थ हो।

**सब्बथ तथा धर्मका नियमहरू कडाईका साथ पालन गर्नु सजिलो छ कि, परमेश्वरको सामु शिर झुकाएर न्यायोचित ढँगमा हिंड्नु, करूणा र दयालाई आत्मसात् गरेर हिंड्नु?**

## ५. सागरको गहिऱ्याइमा (मीका ७:१८-२०)

परमेश्वरले कस्तो न्याय गर्नुहुनेछ भनेर वर्णन गर्दै मीकाको पुस्तक सुरू गरेको थियो। आशाका वचनहरू दिँदै त्यस पुस्तक अन्त गरेको पाइन्छ। विभिन्न बहाना लगाएर कतिपय मानिसहरूले परमेश्वरको न्यायलाई आँखा चिम्लेको पाउँछौं। त्यस्तो गर्नुको अर्थ नै मीकाका आफ्ना जनहरू जसरी धरापमा फसे त्यसरी आफू पनि फस्नु हो। आफूहरू परमेश्वरले चुन्नु भएको जाति हो, राष्ट्र हो, संसारका मानिसहरू भन्दा चोखो पारिएका हौं भनेर, त्यसकारण तिनीहरूले जे गरेपनि परमेश्वरले छुट दिनुहुन्छ भनेर ती मानिसहरू ढुक्क भएका थिए।

परमेश्वरको न्याय उहाँको प्रेम र चासोको अर्को पाता हो। हो, मानिसलाई दण्ड दिनु परमेश्वरको कहिल्यै इच्छा थिएन न त उहाँको अन्तिम वचन हो भनेर मीकाले दिएको सुसमाचारप्रति हामी कृतज्ञ हुनुपर्दछ। बाइबलमा परमेश्वरको क्रियाकलाप यसरी चलेको पाइन्छः न्यायबाट क्षमा, क्षमाबाट अनुग्रह तथा सदाशयीता र दुःखकष्टबाट आशा।

**मीका ७:१८-२०मा सुसमाचारलाई प्रकट गरिएको छ। त्यहाँ हामी सबैको निम्ति आशाको किरण फैलिएको पाउँछौं। त्यहाँ उल्लेख गरेको आशाको वाणी हामी सबैलाई किन खाँचो छ? हेर्नुहोस्ः "१८ हे परमप्रभु! तपाईंजस्तो अरू कुनै ईश्वर छैन। बाँचेर रहेका तपाईंका प्रजाहरूका पाप तपाईंले क्षमा गर्नुहुन्छ। तपाईं सधैंभरिको निम्ति रिसाइरहनुहुन्न तर हामीप्रति आफ्नो निरन्तर प्रेम देखाउन खुसी हुनुहुन्छ। १९ तपाईं फेरि हामीप्रति कृपालु हुनुहुनेछ। हाम्रा पाप तपाईंले आफ्ना पैतालामुनि कुल्चनुहुनेछ र समुद्रको गहिरो तहमा फालिदिनुहुनेछ। २० तपाईंले हाम्रा पिता-पुर्खाहरूसँग धेरै अघि नै प्रतिज्ञा गर्नुभएअनुसार तपाईंको विश्वासयोग्यता र अटुट प्रेम आफ्ना प्रजा, अब्राहाम र याकूबका सन्तानहरूलाई देखाउनुहुनेछ।"**

**आशाले** भरिपूर्ण भएर परमेश्वरको प्रशंसा गर्दै मीकाले आफ्नो पुस्तक अन्त्य गर्दछन्। "तपाईं जस्तो परमेश्वर को छ र...?" भनेर सोधिएको प्रश्नले मीकाको नाउँसँग मिल्दछ। उनको नाउँको अर्थ नै "परमेश्वर जस्तो अरू को छ र?" हो। विश्वको धार्मिक इतिहासमा प्रस्तुत गरेका करोडौं देवीदेवताहरूमा परमप्रभु सृष्टिकर्ता सनातनको परमेश्वर असाधारण र विशिष्ट हुनुहुन्छ **भनेर** हामीलाई बुझाउन खोज्दछन्। उहाँ जस्तो अरू कुनै पनि छैन भनेर पनि त्यस प्रश्नको

जवाफले उहाँको सत्यताको बारेमा समर्थन गर्दछ। साँच्चिकै उहाँ जस्तो अरू को होला र? उहाँमात्र एक सृष्टिकर्ता हुनुहुन्छ। उहाँद्वारा नै अरू सबै थोक सृष्टि भएका हुन्। त्यो भन्दा पनि गरिमामय सत्य त यो हो कि हाम्रा सृष्टिकर्ता परमेश्वर अनुग्रह, दया र क्षमाको परमेश्वर हुनुहुन्छ। कुनै पनि मानिस नाश नहोस् भनेर हाम्रो निम्ति महान् मूल्य चुकाउनुहुने परमेश्वर उहाँ नै हुनुहुन्छ। हाम्रो पापको स्वभावले हामी नाश हुन योग्यका छौं। सारा यहूदी राष्ट्रको निम्ति परमेश्वरले क्रुसमा मोल तिर्नु भएको थियो। त्यो केवल यहूदी जातिको निम्ति मात्र नभएर हामी सबैको निम्ति उहाँले मोल तिर्नु भएको थियो।

आज हामी विभिन्न समस्या र पिडाहरूको भुमरीमा हामी होऔंला। "यी किन हुन आयो" भनेर ती अचाक्ली विघ्नबाधाहरूमा हामीले परमेश्वरलाई प्रश्न गरौंला। कतिपय कुराहरू बुझ्न हामीलाई कठिन होला। त्यस्तो समयमा हाम्रो आशा केवल परमेश्वरमा मात्रै भर पर्नुपर्दछ। हाम्रा पापहरू "सागरको धरातलमा फेंकी दिन्छु" भनेर उहाँले वचन दिनुभएको छ। विगत समयमा परमेश्वरले के गर्नुभयो त्यसलाई जानेर भविष्यमा उहाँले के गर्नुहुनेछ भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं।

**आत्मआलोचना गरेर तपाईं हेर्नुहोस्। तपाईंका पाप र दोषहरू परमेश्वरले "समुद्रको पिंधमा फेंकिदिन्छु" भन्ने वचनमा मात्र तपाईंको आशा किन निहित हुनुपर्दछ?**

**उपसंहारः** "यदि स्वर्गबाट दिएका आत्मज्ञानका सबै ज्योतिहरूलाई यरुशलेमले सुनेको भए, तिनीहरूले ठूलो सफलता पाउने थियो। तिनीहरूको ठूलो महिमा हुने थियो। त्यसले तिनीहरूलाई ठूलो गौरव दिने थियो। परमेश्वरको शक्तिले स्वतन्त्र भएर त्यस राज्य सारा राष्ट्रहरूको रानी बन्ने थियो। उनका ढोकाहरूमा शस्त्रअस्त्र बोकेका सैनिकहरूले पहरा दिनुपर्ने थिएन।....यदि यरुशलेमले उहाँलाई मुक्तिदाता भनेर ग्रहण गरेको भए त्यो शहर आशिषित भएर त्यसको शान अर्थात् महिमा अत्यन्त महान् हुनेथियो भनेर येशूले देख्नुभएको थियो। उहाँद्वारा त्यस शहरमा भएका सबै रोगव्याधीहरू निको हुने, दासत्वबाट स्वतन्त्र हुने र यस पृथ्वीमा तेजस्विमय र शक्तिशाली शहर भएर खडा हुने उहाँले देख्नुभएको थियो। सारा राष्ट्रहरूमा शान्तिका ढुकुरहरू उनका पर्खालहरूबाट उड्थे। सारा

विश्वको निम्ति त्यो शहर महिमाको मुकुट हुनेथियो।"एलेन जी ह्वाइट, *द दिजायर अभ एजेज्*, पृ. ५७७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **परमेश्वर**का अगमवक्ता अर्थात् उहाँको निम्ति बोल्ने मानिसहरूले कस्तो दुःख,कष्ट र पिडा भोग्नु परेको थियो भनेर आधुनिक भाषामा पढ्ने भए एलेन जी ह्वाइटद्वारा लिखित *द लाइफ स्केचेस्* पढ्नुपर्छ। जो कोही पनि परमेश्वरको निम्ति अटल भएर खडा हुने, बोल्ने वा काम गर्ने मानिसहरूले कस्ता कस्ता दुःख र समस्याहरू भोग्नु पर्छ भनेर उपरोक्त पुस्तकले बताउँदछ।

आ. धर्मको नाउँमा संस्कार, परम्परा, देखावटी आचरण र धार्मिक विधिहरूप्रति चासो देखाएर चल्नु धेरै सजिलो छ। तिनीहरू सबै आआफ्नो ठाउँमा ठिकै होला। तर ती सबै धार्मिक शैलीहरूले परमेश्वरको उपासक वा उहाँका भक्त भनेर देखाउन असफल भयो भने ती सबै बाहिरिय धार्मिक क्रियाकलापको औचित्य के छ र?

इ. अवतार भन्ने तर्कको बारेमा गहिरिएर सोच्नुहोस्। बाइबलको शिक्षा अनुसार सृष्टिकर्ता परमेश्वर मानिसको चोला लिएर आउनुभएको जनाउँछ। मध्यकालिन युगका बाइबलका विद्वानहरूले भनेका थिए, “उहाँ के थिएन तर के हुनु भयो भन्ने ख्रीष्टको बारेमा निरन्तर रूपमा सोच्नु पर्दछ।" उहाँ मानिसको चोला लिएर जन्मनु भयो। परमेश्वरको प्रेम, माया ममता हामीमाथि कत्तिको रहेछ भनेर देखाउने उहाँको त्यो अचम्मको सत्यताको बारेमा सोच्नुहोस्। हामी जुनसुकै परिस्थितिमा गुजर्नु परेतापनि त्यस महान् आत्मज्ञानले हामीलाई आशा, कृतज्ञता र परमेश्वरप्रति प्रशंसा तथा स्तुतिले भरपूर भएर बस्न के सघाउँदैन र?